**ऐसेलुखर्क गाउँसभाको मिति २०७६ असार २७ गतेको बैठक उपाध्यक्ष श्री पुष्पकला भुजेलले पेश गर्नुभएको आ.व. २०७६/७७ को राजश्व र व्ययको अनुमान ।**

आदरणीय अध्यक्ष ज्यू, सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, हिमाल एफ।एम। बाट सुनिरहनु भएका सम्पूर्ण श्रोता एवं फेसबुकबाट प्रत्यक्ष रुपमा संसारका विभिन्न स्थानबाट हामीलाई प्रत्यक्ष हेरिरहनु भएका सम्पूर्ण महानुभावहरु,

ऐसेलुखर्क गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभा मार्फत प्रस्तुत गर्न पुन एकपटक म यहाँहरुमाझ उपस्थित भएकी छु ।

गणतन्त्र र संघीयताको परिणामको यो अवस्थामा मुलुकलाई ल्याई पुऱ्याउन प्राणेत्सर्क गर्नुहुने महान सहिदहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु, साथै घाईतेहरु प्रति सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित हामी मार्फत यस गाउँसभामा दुई वर्षको बजेट पेश भई सकेको र कार्यान्वयन भइसकेको छ । आज म पहिलो कार्यकालको तेस्रो बार्षिक बजेट प्रस्तुत गर्न गई रहेको छु । यस सन्र्दभमा हामीले निर्वाचन मार्फत बाडेको ऐसेलुखर्क विकासको सपना पुरा गर्न समयको उत्तरार्धमा प्रवेश गरि सकेका छौं ।

विगतका दुई आर्थिक बर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै गाउँपालिकालाई दिगो पूर्वाधार युक्त एवं सम्भावना युक्त गाउँपालिका बनाउन अब ढिला गर्ने, आलटाल गर्ने, समय नरहेको यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले विनियोजन गरेको बजेट मार्फत संचालित योजनाहरुले ऐसेलुखर्कको नागरिकको जीवनस्तरमा कति सुधार आयो ? मनवविकासमा के सुधार आयो ? छरछिमेक र हामीमा के कस्तौ अन्तर एवं समानता रह्यो ? एवं हामीले लिएका नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपालको अभियानमा कति टेवा पुग्यो ? यही कुराहरु तपाई हामी सबै जनप्रतिनिधि एवं विकास प्रेमी नागरिकले बुझ्नुपर्ने आबश्यकता छ ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानले हामीलाई दिएको अधिकारको प्रयोग र कार्यान्वयन गर्न समक्ष बन्दै जानु आजको सबै भन्दा प्रमुख चुनैती बन्दै गएको छ। संघीय एवं प्रादेशिक सरकारको अनुदानमा ऐसेलुखर्कको विकास आज सम्म निर्भर रहेको छ । यसो हुनाले गाउँपालिकाको

सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिनुको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुदाहुदै पनि पर्याप्त बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूत हुने किसिमले देखाउन सकेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरि रहेको स्पष्ट छ । विकासको प्रतिफल जनताले उपयोग वगर्न नसक्नु भनेको विकासका नाम बेइमानी गर्नु हो । यसर्थ हाम्रो तत्कालिन समयलाई मात्रै सोच्दै गरिने विकासको शैलीलाई परिवर्तन गरी दिर्घकालीन बनाउनु पर्ने भएको छ ।

**सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,**

आगामी आ.व. २०७६/०७७ को वार्षिक बजेट प्रस्तुत गर्नुपूर्व म चालु आ.व. को हाल सम्मको बजेट कार्यान्वयनको समिक्षा गर्न चाहन्छु ।

## उपस्थित सम्पुर्ण महानुभावहरु

अव म आगामि आ.ब २०७६।२०७७ को अनुमानित आय र व्यय प्रस्तुत गर्नुपुर्व चालु आ.ब मा संच्चालित योजना तथा कार्य्रमहरु समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

चालु आ.ब २०७५।२०७६ का लागि गत बर्ष २०७५साल असार २७ गते यही सम्मानित गाउँसभाबाट विनियोजित रकम रु २८ करोड ५६ लाख ८ हजार ९ सय ८७ मध्ये कतिपय योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न नभएको कारणले करिब १ करोड ६० लाख गाउँपालिकाको संचित कोषमा नै संचित हुने देखिन्छ । चालु बर्ष चालु तर्फ कुल बजेट ४करोड५१लाख४५हजार।– मध्ये असार २६ सम्म ३करोड६०लाख ३ हजार ५४ खर्च भई करिब ८१ % खर्च भईसकेको देखिन्छ , पुजिगत १०करोड ,१लाख,४ हजार।– मध्ये असार २६ सम्म ८,करोड९५ लाख७१ हजार१ खर्च भई करिब ९० % खर्च भई सकेको देखिन्छ ।यस बर्ष संचालित बिषयगत योजनाहरुले यस गाउँपालिकाको समग्र बिकासमा सुधार ल्याएको छ। सडक पुर्वाधारहरुलाई प्राथमिकतामा राखेर गाउँपालिकाको केन्द्रसँग जोडिएको छ । महिला विकास समुद्ध कार्यक्रमहरु ,कृषि र पशु विकासका कार्यक्रमहरु ,युवा स्वरोजगार तालिम,शिक्षा क्षेत्रका सुधारका तालिम एंव गोष्ठि लगाएतका श्रेत्रगत कार्यक्रमहरुले तपाई हामि सबैलाई सकरात्म सन्देश फैलाएको छ । जीवनस्तरमा सुधार ल्याएको छ । यधपि पहिलो बर्ष भित्र जनशक्तिको , अनुगमन ,उपभोक्ता समितिको लापरवाही लाई मध्यनजर गर्दे द्रोस्रो बर्षमा धैरै सुधार भई योजनाहरु समयमै सम्पन्न भएका छन् । तसर्थ आगमि आर्थिक बर्षमा अझै समयमा तालिका बनाएर हामी योजना तथा कार्यक्रमहरु समय अगाडि

नै पुरा गर्ने ,अपेक्षाकृत गुणस्त्तर र लागतमा सम्पन्न गर्ने बाताबरण तयार गर्ने आवश्यकता देखिएको छ ।

**सभाध्यक्ष महोदय**,

आ.व. २०७६/०७७ को बजेटको दीर्घकालीन सोच, उदेश्य एवं प्राथमिकता मैले यहाँ अघि नै सार्वजनिक गरि सकेकी छु ।

दिगो पूर्वाधार युक्त गाउँपालिका निर्माण को आधार तयार गर्नु, जनताले परिवर्तन अनुभूत गर्ने विकासका योजनाहरु संचालन गर्नु एवं नागरिकमा स्थानीय सरकारको आभाष दिलाउनु नै हालको सर्न्दभमा हाम्रो प्रमुख लक्ष्य र गन्तव्य हो ।

सीमित पँजीगत विकास बजेटबाट अनेकौ क्षेत्रका विकासका इच्छा आकाङ्क्षा परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । गर्भ देखि चिहान सम्मको व्यवस्थापनको जिम्मा हामी माझ आएको छ । त्यसकारण पनि यो बजेट विनियोजन गर्ने कार्य असाध्यै जटिल र चुनौतीपूर्ण रहेकको म स्वीकार गर्दछु ।

संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदानका कार्यक्रम कुल बजेटको दुई तिहाई भन्दा बढी हुने हुँदा हाम्रो आबश्यकतानुरुपको पुँजीगत बजेट करिब एक तिहाई मात्रै हुने हुन्छ । यसर्थ कुल बजेटको आकार ठुलो देखिएता पनि तपाई हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई बजेट विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु ।
सभाध्यक्ष महोदय ,

२०७६ साल असार १० गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सके सम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गरेको विश्वास दिलाउन चाहन्छु ।

अब म आ.व. २०७६/०७७ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

**आय तर्फ**

- संघिय सरकारबाट प्राप्त सशर्त अनुदान - रु १५ करोड ४९ लाख
- संघिय सरकारबाट समानिकरण अनुदान - रु ७ करोड ५८ लाख
- संघिय सरकारबाट राजश्व वाँडफाड अनुदान- रु६ करोड ६ लाख
- प्रदेश सरकारको समानिकरण अनुदान - रु ६९ लाख ९४ हजार
- प्रदेश सरकारको सवारी साधन कर - रु३० लाख ८४ हजार
- चालु आ.बको ०७५।०७६को अनुमानित रकम - रु १ करोड ६० लाख
- आगमि बर्षको अनुमानित आन्तरिक श्रोत- १८ लाख ८३ हजार १ सय
- **जम्मा बजेट ३१ करोड ९२ लाख ६१ हजार १ सय**

**व्यय तर्फ**

सर्शत अनुदान कार्यक्रम तोकेबमोजिम हुने--रु१५ करोड ४९ लाख
चालु खर्च -रु ५ करोड ६० लाख
पुजिगत खर्च -रु १० करोड ८३ लाख ६१ हजार १ सय

- **कुल व्यय ३१ करोड ९२ लाख ६१ हजार १ सय**

यसर्थ

यस गाउँपालिकाको आ.व. ०७६/०७७ को कुल बजेट **३१ करोड ९२ लाख ६१ हजार १ सय** रहेको ब्यहोरायस सम्मानित सभामा जानकारी गराउदछु ।

सभाध्यक्ष महोदय, एंव गाउँसभा सदस्यज्यूहरु

अब म उल्लेखित बजेटका आधारमा आगामी आ.व. ०७६/०७७ को योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

**१. गाउँपालिका स्तरका योजनाहरु**

# गाउँपालिका स्तरीय योजनाहरु

## २०७६/०७७ को योजनागत तथा कार्यक्रमगत बजेट

| सि.नं. | बिषयगत क्षेत्र | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| | **१ सडक पूर्वाधार** | | |
| १ | ऐसेलुखर्क राखाबाङ्देल सडक स्तरोन्नती | १५००००० | |
| २ | ऐसेलुखर्क बाकाचेल सडक स्तरोन्नती | १५००००० | |
| ३ | ऐसेलुखर्क बजार सोलङ तथा सडक स्तरोन्नती | ३०००००० | |
| ४ | ऐसेलुखर्क जलेश्वरी सडक स्तरोन्नती | १५००००० | |
| ५ | ऐसेलुखर्क महेश्वरी सडक स्तरोन्नती | १५००००० | |
| ६ | ऐसेलुखर्क माक्पा रावाखोला सडक स्तरोन्नती | १०००००० | |
| ७ | ऐसेलुखर्क भीरपानी सडक स्तरोन्नती | १५००००० | |
| ८ | ऐसेलुखर्क रुमला सिम्ले सडक निर्माण | ९००००० | |
| ९ | सानोडुम्रे राखानी दुधकेशी सडक निर्माण | २०००००० | |
| १० | देउरालीडाँडाँ टावर सडक निर्माण | १५००००० | |
| ११ | बगाले पारा सडक निमार्ण | १०००००० | |
| १२ | हबौ चङ्खोला सडक निमार्ण | १५००००० | |
| १३ | डुम्रे आहाल डाँडा र सिलौरीघाट सडक स्तरोन्नोती | ६००००० | |
| १४ | फापरबारी मसानघाट खेल मैदान सडक | ३००००० | |
| **जम्मा** | | **१९३०००००** | |

| | २. भवन तथा अन्य पूर्वाधार | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | पालिका भवन | ९९००००० | |
| २ | भवनको जग खन्ने | २५००००० | |
| ३ | पक्की पुल DPR | ४००००० | |
| ४ | वसपार्क निमार्ण | १०००००० | |

| | | | |
|---|---|---|---|
| ५ | खेलमैदान निमार्ण | १०००००० | |
| ६ | ज्यामिरे स्वास्थ्य चौकी निमार्ण क्रमागत | ९००००० | |
| ७ | खानेपानी DPR तयार | १००००० | |
| ८ | माक्पा वडा कार्यालय भवन निर्माण | ४०००००० | |
| ९ | बाकाचोल वडा कार्यालय भवन निर्माण | २५००००० | |
| | **जम्मा** | **२२३०००००** | |

| | **३. पर्यटन विकास तथा पूर्वाधार निमार्ण** | **विनियोजित रकम रुपैया** | कैफियत |
|---|---|---|---|
| १ | बहाने महोत्सव | १२००००० | |
| २ | देउराली पोखरी सरक्षाण | ५००००० | |
| ३ | सेति देवी मन्दिर सरक्षाण/सडक निमार्ण | १००००० | |
| ४ | दखमलु जलेश्वरी पैदल मार्ग | ३००००० | |
| ५ | किराँत सग्रालय महेश्वरी | १५००००० | |
| ६ | फापरस्वारा देविथान सरक्षण तथा प्रतिक्षालय निमार्ण | ५००००० | |
| ७ | सुनमती देवी थान निमार्ण | ४००००० | |
| ८ | माकिपा पर्यटन क्षेत्र विकास माक्पा | ३०००००० | |
| | **जम्मा** | **७५०००००** | |

| | **४. गाउपालिकास्तरका विषयगत क्षेत्रका बजेट तथा कार्यक्रम** | **विनियोजित रकम रुपैया** | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य | ३२००००० | |
| २ | शिक्षा | ३७००००० | |
| ३ | कृषि | ४०००००० | |
| ४ | लक्षित वर्ग विकास | ४१५०००० | १. महिला रु.१५<br>२. जेष्ठ नागरिक रु. ३.५ |
| ५ | वन वातावरण | ३००००० | |

| | | | |
|---|---|---|---|
| ६ | सस्थागत विकास | २००००० | ३. दलित रु. ७ |
| ७ | कला धर्म सस्कृति | ७००००० | ४. जनजाति रु. ७ |
| ८ | विपद् व्यावस्थापन | ३०००००० | ५. अपाङ्ग रु. ४ |
| ९ | समपुरक | ७०००००० | ६. बालबालिका रु. ५ |
| १० | युवा स्वरेजगार कार्यक्रम | १२००००० | |
| ११ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १२००००० | |
| १२ | खेलकुद | १५००००० | |
| १३ | अल्लो अलैची प्रशोधन कार्यक्रम | ३००००० | |
| १४ | सुरक्षित बैदेशिक रोजगार कार्यक्रम | १५०००० | |
| १५ | न्यायिक समिति कार्य संचालन तथा व्वस्थापन | ५००००० | |
| १६ | विविध | २८८९०० | |
| **जम्मा** | | **३१३८८९००** | |
| **जम्मा कुल बजेट** | | **८०४८८९००** | |

सभाध्यक्ष महोदय

गाउँपालिकास्तरका माथि उल्लेखित योजनाहरुका लागि एकमुष्ठ रु. **८ करोड ४ लाख ८८ हजार ९ सय** विनियोजन गरेकी छु।

२. **सभाध्यक्ष महोदय**

**अब म वडा स्तरका योजना तथा कार्यक्रमहरु प्रस्तुत गने अनुमति चाहन्छु।**

## वडा नं. १ राखाबाङ्देल

### आ.व. २०७६/०७७ को वडागत बजेट

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| | **१ सडक पूर्वाधार** | | |
| १ | तुल्सिङ्टार राखा सडक स्तरोन्नती | २०००००० | |
| २ | पावरहाउस नावा सडक | ५००००० | |

| | | | |
|---|---|---|---|
| ३ | दिप्सुङ राखा मोदी सडक | ५००००० | |
| ४ | भदौरे देवीथान सडक | २००००० | |
| **जम्मा** | | **३२०००००** | |

| | **२. खानेपानी** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| १ | नाम्सुम्लो खानेपानी | १००००० | |
| २ | गनम्ला गैरी राखा खानेपानी | १००००० | |
| ३ | माझखोला खानेपानी स्तररोन्नती | २००००० | |
| ४ | सिखा रुखुपाई खानेपानी | ३५०००० | |
| ५ | सिखा डाँडाँगाउ खार्ताम खानेपानी | ४००००० | |
| ६ | जाखिला शैसिला दस्खते खानेपानी योजना बाङ्देल | ३००००० | |
| **जम्मा** | | **१४५००००** | |

| | **३. धर्म सस्कृती** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| १ | राखा वत्तिसमा फर्निचर | ५०००० | |
| २ | निछिरिङ भाषा संरक्षाण | १००००० | |
| **जम्मा** | | **१५००००** | |

| | **४.सिंचाई** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| १ | बिदेल सिचाई | १००००० | |
| २ | बाङ्गुर सुम्देल सिंचाई | १५०००० | |
| **जम्मा** | | **२५००००** | |

| | **४.शिक्षा** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| १ | कालिका मा.वि. गेटवाल | ३५०००० | |
| **जम्मा** | | **३५००००** | |
| **जम्मा कुल बजेट** | | **५४०००००** | |

**वडा नं. २ बाकाचोल**

## आ.व. २०७६/०७७ को वडागत बजेट

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियवजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | दियाले खोला खानेपानी योजना मर्मत | २००००० | |
| २ | बुर्मि खानेपानी योजना मर्मत ट्याङ्की घेराबारा | ५०००० | |
| ३ | कालिखोला कालिका मा.वि खानेपानी योजना मर्मत | २००००० | |
| ४ | विस्काम सालिखोप खानेपानी योजना | ५०००० | |
| ५ | लुवेरा खानेपानी योजना पुन निर्माण | १५०००० | |
| ६ | सिगाने खोला खानेपानी योजना मर्मत | ५०००० | |
| ७ | पारा कादरी खानेपानी योजना मर्मत | १००००० | |
| ८ | चिप्लेढुङ्गा वासकाम खानेपानी योजना मर्मत | २००००० | |
| ९ | ढाडे बुबे खानेपानी योजना मर्मत | २००००० | |
| १० | बादेल पावर हाउस राखा सडक निर्माण | ३००००० | |
| ११ | श्री कालिका मा.वि बाकाचोल विद्यालय घेराबारा गेट निर्माण र भवन रङरोकन | ५००००० | |
| १२ | सन्दुरे ढुङ्गा लदिङखोला लघु जलविद्दुत मर्मत योजना | ५००००० | |
| १३ | बुर्के विस्काम बहाने साल्पा सडक निर्माण | ५००००० | |
| १४ | बाकाचोल रमना प्रा.वि थापागाउँ लिदङखोला सडक निर्माण | ५००००० | |
| १५ | जालपा मा.वि. चेवाली गाउँ भालुखोप सडक निर्माण | ५००००० | |
| १६ | देउसाली टोल हुमे भालुखोप पद मार्ग | ५०००० | |
| १७ | लोठ सल्ला नर्सरी व्यावस्थापन | ५०००० | |
| **जम्मा** | | **४१०००००** | |

## वडा नं. ३ ऐसेलुखर्क

## आ.व. २०७६/०७७ को वडागत बजेट

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| | **१ सडक पूर्वाधार** | | |
| १ | रैकर सडक निर्माण | २५०००० | |
| २ | धोद्रे चोरखर्क सडक | २००००० | |
| ३ | ऐसेलुखर्क झुले सडक | ३००००० | |
| ४ | लवुवा कटुन्जे सडक | २००००० | |
| ५ | ढकाल गाउँ दिम्मा सडक | १५०००० | |
| **जम्मा** | | **११०००००** | |

| | **२. खानेपानी** | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | बजार खानेपानी मुहान व्यावस्थापन | ३००००० | |
| २ | धेद्रे राई टोल खानेपानी | २००००० | |
| ३ | भीरखर्क नागदह खानेपानी | २५०००० | |
| ४ | ऐसेलुखर्क सिवक ४ खानेपानी व्यावस्थापन | ५००००० | |
| ५ | सिस्ने खानेपानी मर्मत | ५०००० | |
| ६ | फारखोरी चत्रे ट्याङ्की निर्माण | २५०००० | |
| ७ | थामखर्क ट्याङ्की निर्माण | ३००००० | |
| ८ | छुका खानेपानी निर्माण | २५०००० | |
| **जम्मा** | | **२१०००००** | |

| | **३. सिचाई** | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | भोटेखोला गैरी हवौ सिचाई | २००००० | |
| २ | ओडारे दाम्ली गैरी सिचाई | १५०००० | |
| ३ | चङखोला ओयाङ सचाई | १००००० | |
| ४ | धुर्मिसे आईतबारे सिचाई | २००००० | |
| **जम्मा** | | **६५००००** | |

रावाखोला गाउँपालिका

| | ४. धर्म संस्कृती | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | हवौ यलम्बर मन्दिर व्यावस्थापन | ५०००० | |
| २ | थामखर्क शुक्रबारे सेती देवी मन्दिर | २००००० | |
| ३ | नागेश्वर मन्दिर फलामे ट्रस निर्माण | ३००००० | |
| ४ | गंगा जमुना देवी व्यावस्थापन | १००००० | |
| ५ | नर्सरी व्यावस्थापन | ५०००० | |
| | **जम्मा** | **७०००००** | |
| | **जम्मा कुल बजेट** | **४५५००००** | |

# वडा नं. ४ जलेश्वरी

**आ.व. २०७६/०७७ को वडागत बजेट**

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| | **१ सडक पूर्वाधार** | | |
| १ | बलङ्गा बावियाखर्क देम्लिटार सडक निर्माण | ७५०००० | |
| २ | माभा माझागाउँ सडक निर्माण | ६००००० | |
| ३ | सरस्वती प्रा.वि. गौडे सडक निर्माण | ३५०००० | |
| ४ | देलबाया डेडा सडक निर्माणा | ५००००० | |
| | **जम्मा** | **२२०००००** | |

| | २. खानेपानी | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | पात्लेखर्क तिनटाट्ने खानेपानी निर्माण | ४००००० | |
| २ | पात्लेखर्क सरस्वती प्रा.वि. खानेपानी निर्माण | ४००००० | |
| ३ | खाम्देल कर्खे खानेपानी मर्मत | २००००० | |
| | **जम्मा** | **१००००००** | |

| | ३. शिक्षा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सिम्ले मा.वि. पर्खाल निर्माण | ७५०००० | |
| २ | गुराँस आधारभूत विद्यालय मर्मत सम्भार | ४००००० | |
| **जम्मा** | | **११५००००** | |

| | **४. स्वास्थ्य** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी जलेश्वरी बर्थिङ सेन्टर सामाग्री खरिद | ५०००० | |
| **जम्मा** | | **५००००** | |
| | **जम्मा कुल बजेट** | **४४०००००** | |

# वडा नं. ५ महेश्वरी

## आ.व. २०७६/०७७ को वडागत बजेट

| **सि.नं.** | **वडास्तरीय योजना तथा कार्यत्क्रमको नाम** | **विनियोजित रकम रुपैया** | **कैफियत** |
|---|---|---|---|
| | **१ सडक पूर्वाधार** | | |
| १ | फापस्वारा ज्योति प्रा.वि. किराँत संग्राहलय ढोडेनी फटाक्सी सडक निर्माण | ९००००० | |
| २ | ऐसेलुखर्क दिन्कु तिन्तेफार गंगा प्रा.वि. सडक निर्माण | ८००००० | |
| ३ | फापरस्वारा गंगा प्रा.वि. वडा कार्यालय महेश्वरी सडक निर्माण | ५००००० | |
| ४ | वनगाउ वडा कार्यालय सडक निर्माण | ९००००० | |
| ५ | प्रयास नेपाल सामुदायिक भवन | ५००००० | |
| ६ | सार्कुलुबु सडक निर्माणा | २००००० | |
| **जम्मा** | | **३८०००००** | |

# वडा नं. ६ ज्यामिरे

## आ.व. २०७६/०७७ को वडागत बजेट

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय देखि चङ्खुले सल्ले हुदै ऐसेलुखर्क सम्म सडक योजना | ९५०००० | |
| २ | नेपाने देखि बैद गाउँ हुदै वडा कार्यालय सम्म सडक योजना | ९००००० | |
| ३ | तल्लो सल्ले देखि दुधकोशी सम्म सडक योजना | ४५०००० | |
| ४ | पाँडेचौउर देखि फापरस्वारा सम्म सडक निर्माण योजना | ४५०००० | |
| ५ | कालिका प्रा.वि भवन निर्माण | १५०००० | |
| ६ | मथिल्लो सल्ले क्लिनिक भवन निर्माण | २००००० | |
| ७ | तल्लो सल्ले महिला तथा बालबालिका सामूहिक भवन निर्माण | २००००० | |
| ८ | गाउँघर क्लिनिक सामूदायिक भवन नेपाने फनृचर र शौचालय निर्माण | १००००० | |
| ९ | मंहकला प्रा.वि. फर्निचर निर्माण | ५०००० | |
| १० | सूर्यज्योती प्रा.वि. दुई कोठे शौचालय निर्माण | १५०००० | |
| ११ | शान्तोदय मा.वि. झ्यालढोका मर्मत तथा फर्निचर निर्माण | २००००० | |
| १२ | जोरधारा निर्माण योजना | १००००० | |
| **जम्मा** | | **३९०००००** | |

## वडा नं. ७ माक्पा

### आ.व. २०७६/०७७ को वडागत बजेट

| सि.नं. | वडास्तरीय योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रुपैया | कैफियत |
|---|---|---|---|
| १ | फलफूल नर्सरी व्यवस्थापन | १००००० | |
| २ | टोल सुधार व्यवस्थापन तथा सरसफाई कार्यक्रम | १६०००० | |
| ३ | माक्पा मा.वि. वाल निर्माण | २५०००० | |
| ४ | विद्यालय विद्दुत जडान | १५०००० | |
| ५ | लेवा चईन्टार सडक निर्माण | ६००००० | |
| ६ | नोरुङ माक्पा कृषि सडक | ४५०००० | |
| ७ | बेब्ला क्षेत्री गाउँ खानेपानी निर्माण | २००००० | |
| ८ | चईन्टार खानेपानी मर्मत | २५०००० | |
| ९ | सम्झना खानेपानी मर्मत | १४०००० | |
| | **जम्मा** | २३००००० | |

सभामुख महोदय

उल्लखित वडास्तरका योजनाका लागि लागि एकमुष्ठ रु. **२ करोड ८४ लाख ५० हजार** विनियोजन गरेकी छु ।

ऐसेलुखर्क गाउँपालिका

यसैगरी

संघीय सरकारको शसर्त अनुदान मार्फत संचालन हुने शिक्षा, स्वास्थ्य , कृषि, पशु, महिला विकास लगाएतका विषयगत कार्यक्रमका लागि एकमुष्ठ रु. **१५ करोड ४९** लाख मात्र विनियोजन गरेकी छु ।

यसका साथै चालु खर्च अनुसूची १ बमोजिम हुने गरी रु. **५ करोड ६० लाख** विनियोजन गरेकी छु ।

**सभाध्यक्ष महोदय,**

ऐसेलुखर्क गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय एंव स्वास्थ्य संस्थामा सेवा करारमा आगामी आ.व. मा नियुक्त हुने सम्पूर्ण कार्यालय सहयोगी कर्मचारीहरुको खाईपाइ अएको मासिक तलबमा २० % प्रतिशत थप हुने व्यवस्था गरेकी छु । यसैगरि गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत गाँउ प्रहरीको मासिक तलब समेत २५ % प्रतिशतले बढाएको छु ।

गाउँ पालिका क्षेत्रभित्र सेवारत महिला स्वास्थ्य स्वयं सेविकाले साविकमा पाउँदै आएको मासिक प्रोत्सान भत्ता रु ५०० लाई निरन्तरता दिइएको छ । विभिन्न विद्यालयलाई दिइएको शिक्षक अनुदान कोटाको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । वालविकास केन्द्रमा कार्यरत शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगीको मासिक सेवा सुविधामा रु. १ हजार थप गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

गाउँपालिकाको समाजिक,साँस्कृतिक, आर्थिक,पूर्वाधार विकास एवं संस्थागत विकासको खुड्किलोको रुपमा रहने उपरोत्तानुसारको बजेटको कार्यान्वयन प्रभावकारी बनाउनु आजको प्रमुख आवश्यकता हो । विगतमा जस्तो यो वा त्यो वाहनामा बजेटलाई तोडमोड नगरी अक्षरशः कार्यान्वयन गर्न गराउँन पूर्ण आशाकासाथ सबैमा अपिल गर्दछु ।
असारे विकासको प्रतिफल तपाई हामी सामु छर्लङ्गै भएकाले आगामी आ.व.को सुरवात देखि नै तपाई हामी बजेट कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।
उपभोक्ता समितिलाई जिम्मेवार बनाउनका लागि हामी जनप्रतिनिधिहरुले अनुगमनलाई प्रभावकारी र कडाइ गर्न सके हामीले खोजेको विकासको स्तर पाउन त्यती धेरै कुर्नु पर्दैन, यसर्थ यस कार्यमा हामी सबै लागिपर्न विषेश आग्रह गर्दछु ।

ऐसेलुखर्क गाउँपालिका

कर्मचारीहरुको समायोजन एवं अन्य कारणले बजेट कार्यान्वयनमा केही अप्ठ्यारो भएतापनि आगामी आ.व.मा हुने नयाँ कर्मचारी भर्नाले यस समस्यालाई समाधान गर्नेछ भन्ने अपेक्षासमेत गर्दछु ।

चालु आ.व.को बजेट कार्यान्वयनमा आआफ्नो क्षेत्रबाट योगदान गर्नुहुने सम्पूर्ण उपभोक्ताहरु, अनुगमनकर्ताहरु तथा सरोकारवालाहरुमा आभार प्रकट गर्दछु एवं आगामी आ.व.मा थप सक्रियताको अपेक्षा समेत गर्दछु ।

**अन्तयमा**

**सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,**

विकास सामूहिकताले दीगो हुन्छ । अपनत्वले संरक्षण गर्दछ र प्रयोगले जीवनस्तरमा परिवर्तन ल्याउँछ । हामीले यस कुराको सन्देश सबैलाई दिन सक्नुपर्दछ । भिन्नभिन्न राजनीतिक पृष्ठभूमिका बाबजुत एकै थलोमा उभिएका हामीले विगतमा जस्तै ऐसेलुखर्कको विकासका लागि एकताबद्ध भएर अघि बढ्न सक्नुपर्दछ ।

प्रस्तुत योजना तथा कार्यक्रमका लागि स्रोत जुटाई दिने संघीय सरकार, प्रदेश सरकारलाई विशेष आभार प्रकट गर्दछु , साथै विकासमा साझेदारी गर्ने प्रतिबद्धता जनाउँनु भएका सबै संघ संस्थाप्रति आभार प्रकट गर्दछु । यस बजेटले ऐसेलुखर्कको समृद्धिको ढोका खोल्ने विश्वसका साथै कार्यान्वयनका लागि बिशेष अपिल गर्दै मेरो मन्तव्य टुङ्याउँछु ।

**अनुसूची - १**

## ऐसेलुखर्क गा.पा चालु खर्च

| | | |
|---|---|---|
| १ | तलब | १ करोड |
| २ | शिक्षकको तलब | ४० लाख |
| ३ | स्थानिय भत्ता | १३ लाख |
| ४ | मंहगी भत्ता | ९ लाख |
| ५ | पदाधिकारी पोसाक भता | ४ लाख |
| ६ | पोसाक भत्ता | ५ लाख |
| ७ | पदाधिकारी सुविधा | ५५ लाख |
| ८ | पदाधिकारी बैठक भत्ता | १५ लाख |

ऐसेलुखर्क गाउँपालिका

| | | |
|---|---|---|
| ९ | कर्मचारी बैठक भत्ता | ५ लाख |
| १० | अन्य भत्ता | ५ लाख |
| ११ | पानि तथा बिजुलि | १ लाख ५० हजार |
| १२ | संचार महसुल | ६ लाख |
| १३ | घरभाडा | ७ लाख |
| १४ | अन्य भडा | ३ लाख |
| १५ | इन्धन खर्च | १५ लाख |
| १६ | संचालन तथा मर्मत | १४ लाख |
| १७ | बिमा | २ लाख ५० हजार |
| १८ | कार्यालय संचालन | २० लाख |
| १९ | पुस्तक तथा सामाग्री | २ लाख |
| २० | ईन्धन अन्य प्रयोजन | १ लाख |
| २१ | अन्य सेवा शुल्क | ४० लाख |
| २२ | सेवा तथा परामर्श | २५ लाख |
| २३ | कर्मचारी तथा पदाधिकारी तालिम | ५ लाख |
| २४ | सिप विकास तथा जनचेतना तालिम | ६ लाख |
| २५ | कार्यक्रम खर्च | ६ लाख |
| २६ | भ्रमण खर्च | १४ लाख |
| २७ | अनुगमन तथा मुल्याँकन खर्च | १० लाख |
| २८ | पत्रपत्रिका विज्ञापन तथा सुचना | ७ लाख |
| २९ | अतिथि सत्कार | ४ लाख |
| ३० | भैपरी आउने चालु खर्च | ५ लाख |
| ३१ | अवलोकन भ्रमण कर्मचारी तथा पदाधिकारी | ५ लाख |
| ३२ | वडागत चालु खर्च | ७० लाख |
| ३३ | आवधिक योजना | १५ लाख |
| ३४ | बृतचित्र निर्माण | १० लाख |
| ३५ | बिबिध खर्च | १५ लाख |
| | **जम्मा** | **५,६०,०००००** |

**धन्यवाद !!!**

हेलम्बु गाउँपालिका